# छिमेक लघुवित्त वित्तीय संस्था लि.

मध्येबानेश्वर, काठमाण्डौ

CHHIMEK

## Desktop Computer, Laptop र Laser Printer खरिद गर्ने बारेको

## सिलबन्दी बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०४/२४**

यस वित्तीय संस्थाको डिजिटल बैंकिङ्ग सिष्टम सञ्चालन तथा नियमित कार्यका लागि तपशिलमा उल्लेख भए अनुसार आवश्यक Desktop Computer, Laptop र Laser Printer आपुर्ति गर्ने कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट तिम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

**१. बोलपत्र नं :- IT/01/78/79**

**Delivery and Support of Desktop Computer**

| S. No. | Particular | Qty. |
|---|---|---|
| 1. | Delivery and Support of Desktop Computer | 78 Set |

**२. बोलपत्र नं :- IT/02/78/79**

**Delivery and Support of Laptop (15.6 inch)**

| S.No. | Particular | Qty. |
|---|---|---|
| 1. | Delivery and Support of Laptop (15.6 Inch) | 40 Set |

**३. बोलपत्र नं :- IT/03/78/79**

**Delivery and Support of Laptop (14 Inch)**

| S. No. | Particular | Qty. |
|---|---|---|
| 1. | Delivery and Support of Laptop (14 Inch) | 17 Set |

**४. बोलपत्र नं :- IT/04/78/79**

**Delivery and Support of Single Functional Medium Heavy-Duty Laser Printer**

| S. No. | Particular | Qty. |
|---|---|---|
| 1. | Delivery and Support of Single Functional Medium Heavy-Duty Laser Printer | 64 Set |

**५. बोलपत्र नं :- IT/05/78/79**

**Delivery and Support of Multi-Functional Laser Printer**

| S. No. | Particular | Qty. |
|---|---|---|
| 1. | Delivery and Support of Multi-Functional Laser Printer | 30 Set |

**बोलपत्र सम्बन्धी सर्तहरु :**

१. बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले माथि उल्लेख गरिए अनुसारका सामानको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरि पेश गर्नु पर्नेछ । आफुले गर्न चाहेको कामको बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रकाशित भएको मितिदेखि १५औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ३:०० बजेसम्म काठमाण्डौ, मध्यबानेश्वर स्थित यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट पछि फिर्ता नहुने गरी प्रति बोलपत्र रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी खरिद गर्न सकिनेछ । बोलपत्र राखिएको खामको बाहिर शीरमा कुन कामको लागी शीलबन्दी बोलपत्र पेश गरिएको हो सोको विवरण समेत उल्लेख गरिएको हुनु पर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.कर समेत), आ.व.२०७६/७७ कर चुक्ताको प्रमाण पत्र सहित आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३. सुचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:०० बजे भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्येबानेश्वर काठमाण्डौमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिन (सो दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको) दिउँसो ३:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

५. बोलपत्रको साथमा कबोल अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) रकम यस वित्तीय संस्थाको बैंक अफ काठमाण्डौ लिमिटेड कमलादीमा रहेको खाता न. ०१०००००५१०३८५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस वित्तीय संस्थाको पक्षमा जारी भएको बोलपत्र पेश गर्ने मितिले ९० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत विवरण र बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र वित्तीय संस्थाको विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

७. प्राप्त बोलपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा निहित हुनेछ । सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन वित्तीय संस्था बाध्य हुने छैन ।

८. यस सम्बन्धी थप जानकारी चाहिएमा छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रिय कार्यालय प्रशासन विभाग वा IT विभाग काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिन्छ । बोलपत्र सम्बन्धी यस वित्तीय संस्थाको Website मा पनि हेर्न सकिन्छ ।

२०७८/०४/२४ मा प्रकाशित

अन्नपुर्ण पोष्ट